।।श्री।।

# उच्च अदालत विराटनगर

(प्रशासन शाखा)

पत्र संख्या :- ०७७।७८
चलानी नं. :-

रजिष्ट्रार :- ५१७११७
प्रशासन :- ५१२८०२
Email:
info.hcbiratnagar@supremecourt.gov.np
appealcourt.brt@gmail.com
Website: www.supremecourt.gov.np

मिति :-२०७८/३/१६

## सूचना ! सूचना !! सूचना!!!

हाल विश्वभर फैलिएको नोवल कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमणले हाम्रो देश पनि गम्भिर रुपले प्रभावित भई संक्रमित हुने र संक्रमणको कारण मृत्यु हुनेको संख्या अत्याधिक हुँदा जिल्ला प्रशासन कार्यालय, मोरङबाट मिति २०७८/१/१८ देखि लागू भएको निषेधाज्ञाको कारण यस अदालतको पूर्ण बैठक समेतबाट सेवा संकुचन गरिदै आएकोमा हाल उक्त भेरियन्ट पूर्णरुपमा नियन्त्रण कहिले हुने हो सो को आंकलन समेत गर्न नसकिने अवस्था हुँदा हाल मिति २०७८/३/२१ सम्मका लागि निषेधाज्ञा कायम रहे पनि सो निषेधाज्ञा खुकुलो हुँदै गएको कारण सो अवधिभर यस अदालतबाट प्रवाह हुने सेवाहरुका सम्बन्धमा यस अघिको बैठकबाट कतिपय सेवा संकुचन गरिएकोमा सो सम्बन्धमा छलफल गर्न माननीय मुख्य न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा आज मिति २०७८/३/१६ मा बसेको पूर्ण बैठकबाट देहाय बमोजिमको निर्णय गरिएको छ :

<u>निर्णयः-</u>

१. देहाय बमोजिमका काम कारबाही र सेवाहरु पूर्ववत सुचारु रहनेः-
   क. बन्दीप्रत्यक्षीकरणको निवेदनको दर्ता र सुनुवाई,
   ख. पक्राउ पूर्जी अनुमति, जरुरी पक्राउ पूर्जीको स्वीकृति र म्याद थपको कारबाही,
   ग. अभियोग पत्र दर्ता र थुनछेंकको कारबाही,
   घ. मिलापत्र र मुद्दा फिर्ता,
   ङ. मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम पर्ने निवेदनहरुको दर्ता र सुनुवाई,
   च. बालबालिकासंग सम्बन्धित निवेदनहरुको सुनुवाई,
   छ. कोभिड-१९ सँग सम्बन्धित रिट निवेदनहरुको दर्ता र सुनुवाई,
   ज. प्रत्यर्थी झिकाउन बाँकी वादी नेपाल सरकारको पुनरावेदनहरुको सुनुवाई गर्ने,
   झ. थुनुवाका पुनरावेदनहरु र ती पुनरावेदनसँग सम्बन्धित लगाउका मुद्दाहरुको सुनुवाई गर्ने,

२. मिति २०७८।३।१७ गतेबाट देहायका सेवाहरु सुचारु हुनेः
   क. सबै प्रकारका रिट तथा निषेधाज्ञाका निवेदनहरु दर्ता र अन्तरिम आदेश सम्मको सुनुवाई
   ख. प्रत्यक्षी झिकाउन बाँकी सबै मुद्दाहरुको सुनुवाई
   ग. देवानी तथा फौजदारी सबै विषयका कैफियत प्रतिवेदन दर्ता र सुनुवाई
   घ. नेपाल सरकार वादी रहेका मुद्दामा परेका पुनरावेदनहरुको सुनुवाई
   ङ. फुटकर निवेदनहरुको दर्ता र सुनुवाई
   च. लिखित जवाफ दर्ता

छ. सबै प्रकारका पुनरावेदनहरुको दर्ता

ज. उपस्थित पक्षहरुलाई तारेख दिने

झ. निषेधाज्ञा अवधीभर परेका हदम्याद, म्याद र तारेख नगुज्रने । निषेधाज्ञाको कारणबाट गुज्रेका हदम्याद, म्याद र तारेखका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट ०७६-RE-०३९२/०७६-WO-०९४४ मा मिति २०७७।२।१५ मा भएको बृहत पूर्ण इजलासको आदेश/फैसला बमोजिम हुने

ञ. निषेधाज्ञाको अवधी समाप्त भई सार्वजनिक यातायात संचालन भएको मितिदेखि यस अदालतबाट प्रवाह हुने सबै प्रकारका सेवाहरु सूचारु हुने

ट. कैफियत प्रतिवेदनहरुको सुनुवाई प्रत्येक हप्ताको विहिबार र शुक्रबार हुने।

३. यस अदालतबाट मिति २०७८/२/१२ देखि भर्चुअल विधिको माध्यमबाट बहस गर्न सकिने सुविधा प्रारम्भ भएको हुँदा इच्छुक कानून व्यवसायीहरुले पेशी भन्दा एक दिन अगावै जानकारी गराउने,

४. सुचारु हुने सेवाका सिलसिलामा उपस्थित हुनु हुने कानून व्यवसायी र सम्बन्धित पक्षहरुलाई यस अदालतबाट जारी सुरक्षा मापदण्ड पालनाका लागि अनुरोध गर्ने र अनावश्यक रुपमा हुने भिडभाडलाई नियन्त्रण गर्ने,

५. कैफियत प्रतिवेदनको सुनुवाई गराउन चाहने कानून व्यवसायी वा पक्षहरुले प्रत्येक हप्ताको बुधबार सम्ममा र भर्चुअल माध्यमबाट बहस गर्न चाहने कानून व्यवसायीले सम्बन्धित प्रतिवेदन वा मुद्दा पेशी भन्दा एक दिन अगावै यस अदालतका शाखा अधिकृत श्री ओम सुवेदीलाई मोबाइल नं. ९८५२०३४५२६ मा अग्रिम जानकारी गराउनु पर्ने। सो जानकारी प्राप्त भएमा भर्चुअल माध्यमबाट बहस गर्न चाहने कानून व्यवसायीलाई Link Code उपलब्ध गराइने।

(मणिराम पोखरेल)

उप-रजिष्ट्रार